कालिका गाउँपालिका
कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

# दलित नागरिकसँग सम्बन्धित कार्यक्रम सञ्चालन मापदण्ड २०७७

## पृष्ठभूमि :

यस कालिका गाउँपालिकामा बसोबास गर्ने दलित नागरिकहरूलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा उनीहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी क्षमता अभिवृद्धि गर्नका साथै राज्यद्वारा तोकिएको सेवा-सुविधाको उचित व्यवस्थापन गरी दलित नागरिकको आर्थिक तथा सामाजिक हैसियत बढाई समतामुलक समाज निर्माण गर्न बजेट विनियोजन गरिएको छ । यस गाउँपालिका दलित नागरिकहरूको सम्मान तथा सामाजिक प्रतिष्ठा स्थापित गर्न प्रयासरत छ । सोही आबश्यकतालाई सम्बोधन गर्न कालिका गाउँपालिकाले स्थानीय तहमा विभिन्न कार्यक्रम सञ्चालनको लागि बजेट विनियोजन गरेको छ । समावेशी सहभागितालाई जोड दिदैं सामाजिक न्याय तथा सामाजिक सुरक्षा प्रदान गर्न यो कार्यक्रम निर्माण गरिएको हो । दलित नागरिकहरूको सम्मान र सामाजिक प्रतिष्ठा स्थापित गर्दै समतामुलक समाज निर्माण गर्न यो मापदण्ड तयार पारिएको छ ।

## उद्देश्य :

१. दलित नागरिकहरूका लागि जिविकोपार्जन कार्यक्रम सञ्चालन गरेर सामाजिक तथा आर्थिक सशक्तिकरणमा जोड दिंदै सक्षम र स्वावलम्बी बनाउने ।

२. दलित नागरिकहरूको सबै पक्षको विकासको लागि सामाजिक न्याय प्रवर्द्धन गर्ने ।

३ दलित नागरिकप्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने ।

## कार्यक्रम सञ्चालन हुन सक्ने क्षेत्र :

१. कालिका गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने दलित नागरिकहरू माझ कार्यक्रम सञ्चालन गर्ने ।

२. आर्थिक अवस्था तथा जीवनस्तर उकास्ने कार्यक्रम सञ्चालन गर्ने ।

३. दैनिक जीवननिर्वाहमात्र नभई दलित समुदायको दिर्घकालिन विकासमा केन्द्रित हुने ।

४. जिविकोपार्जनकालागि कृषि तथा व्यवसायमूलक गैर-कृषि क्षेत्रमा व्यक्तिगत तथा समूहगत अनुदान दिने ।

५. सामाजिक अवस्था सुदृढीकरणका लागि अभिमुखिकरण तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

६. जिल्लाभित्र कार्यरत संस्थाहरूसँग विभिन्न विषयमा लागत साझेदारी गर्नेगरी सहकार्य गर्ने ।

७. सिप विकास तालिमपश्चात् टेवा रकम दिने गरि लक्षित वर्ग प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।

८. क्षमता अभिवृद्धि तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।

९. आरन, सिलाईकटाई, सिकर्मी, डकर्मीजस्ता परम्परागत पेशालाई स्वरोजगारको रूपमा विकास गर्न तिनको आधुनिकीकरण गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

१०. जातीय भेदभाव दुरुत्साहन गर्न पोष्टर, पम्प्लेट, सडक नाटक जस्ता प्रचारात्मक कार्यक्रम सञ्चालन गर्ने ।

छनौट प्रक्रिया :

यस कार्यक्रममा लाभ लिने व्यक्तिहरूको छनौट वडा समितिबाट स्थायी रुपमा बसोबास गर्ने आर्थिक तथा सामाजिक रूपमाा विपन्न दलित नागरिकमाझबाट गरिने छ ।

छनौट मापदण्ड :

१. कालिका गाउँपालिका भित्र स्थायी रूपमा बसोबास गर्ने दलित नागरिक हुनुपर्ने ।

२. वडा समितिले जिविकोपार्जन गर्न कठिन परिवारका व्यक्तिको छनोट गर्नुपर्ने ।

३. दलित परिवारका एकल महिला, असहाय, परम्परागत पेशा अँगालेका तर जिविकोपार्जन गर्न कठिन भएको व्यक्तिलाई प्राथमिकता दिनुपर्ने ।

४.समुहगत रुपमा सिप सिक्न तथा व्यवसाय सञ्चालन गर्न खोज्ने व्यक्तिहरू लाई प्राथमिकतामा राख्ने ।

५. कालिका गाउँपालिकाबाट कुनै पनि क्षेत्रमा अनुदान नपाएको व्यक्ति हुनुपर्ने ।

६. समुहगत लाभ हुने कार्यक्रमलाई प्राथमिकताको आधारमा छनौट गर्ने ।

७. धार्मिक सहिष्णुता तथा सामाजिक सद्भाव खलल गर्ने कार्यक्रममा बजेट खर्च गर्न नपाइने ।

**लक्षित समुह :**

कालिका गाउँपालिकामा स्थायी बसोबास गर्ने दलित समुदाय ।

**बजेटको बाडँफाँड :**

कार्यक्रम सञ्चालनका लागि कालिका गाउँपालिकाले वित्तिय समानिकरण तर्फ रु. २ लाख विनियोजन गरेको छ । कालिका गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकबाट समानुपातिक रुपमा बजेट विनियोजन गरिएको छ । प्रचलित नियमानुसार खर्च रकम बाँडफाँड गरी कार्यालय प्रमुखबाट सवीकृत गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**कार्य आदेश :**

वडा समितिबाट छनोट भएका व्यक्तिहरूले कालिका गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले बाडँफाँड गरेको बजेटको आधारमा तोकिएको मिति र समयमा सम्बन्धित वडाको क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

**अनुगमन तथा मुल्याङ्कन :**

यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कालिका गाँउपालिकामा रहेको सामाजिक विकास समितिबाट गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

कालिका गाउँपालिका
कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

प्रतिवेदन :

सम्बन्धित कार्यक्रम स्थलको अनुगमनपश्चात् सो कार्यक्रमको मुल्याङ्कन तथा प्रभावको लेखाजोखा गरी अनुगमन समितिले प्रतिवेदन तयार गर्नुपर्ने छ ।

भुक्तानी :

अनुगमन तथा मुल्याङ्कन समितिको प्रतिवेदन साथै कार्यक्रम सञ्चालनको बिल भरपाईको आधारमा सहभागिहरूलाई यस कालिका गाउँपालिकाको आर्थिक प्रशासन शाखाबाट भुक्तानी गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत